नेपाल सरकार

गृह मन्त्रालय

# लागू औषध नियन्त्रण इकाईको सूचना

लागू औषध दुरुपयोग नियन्त्रण सम्बन्धी चेतनामूलक विषयवस्तु समावेश गरी डकुड्रामा निर्माण गर्नु पर्ने भएकाले इच्छुक संस्थाहरुले गृह मन्त्रालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्नका निम्ति यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरणका लागि गृह मन्त्रालयको Website: moha.gov.np, www.drugportal.gov.np र लागू औषध नियन्त्रण इकाई बिजुलिबजारको सूचना पाटीमा हेर्नु हुन अनुरोध छ ।

उप-सचिव

नेपाल सरकार
गृह मन्त्रालय

## क) पृष्ठभूमी

सिर्जनशील युवा जनशक्ति लागू औषधको लतमा फस्दा यसको प्रभाव सम्बन्धित परिवारलाई मात्रै नभएर सिंगो मुलुकको विकासमा समेत वाधा पुग्ने हुन्छ । बढ्दो लागू औषध दुरुपयोगलाई निरुत्साहित गर्न नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतको लागू औषध नियन्त्रण कार्यक्रमबाट विभिन्न गतिविधिहरु संचालन हुँदै आएका छन् ।

## ख) डकुड्रामा बनाउनुको उद्देश्य :

नेपाल सरकार गृह मन्त्रालय अन्तर्गतको लागू औषध नियन्त्रण कार्यक्रमबाट लागू औषध नियन्त्रणका लागि संचालित गतिविधि, नीतिगत कानूनी व्यवस्था समेतका आधारमा लागू औषधका जोखिममा रहेका सम्भावित प्रयोगकर्ताहरुलाई सचेत गराई यसका नकारात्मक पक्षका बारेमा जानकारी प्रदान गर्दै दूर्व्यशनबाट टाढा राख्न सहयोग पुऱ्याउने उद्देश्यले यो डकुड्रामा निर्माण गर्न लागिएको हो ।

## ग) अपेक्षित उपलब्धिः

डकुड्रामा निर्माणका लागि छनौट भएका संस्थाले लागू औषध विरुद्ध चेतना अभिवृद्धि गर्न माथि उल्लेखित उद्देश्य बमोजिमको कथाबस्तु भित्र रहेर डकुड्रामा निर्माण गर्नुपर्ने छ । डकुड्रामा नेपाली भाषामा हुनेछ ।

क) यो डकुड्रामा हेरेपछि सर्वसाधारणलाई लागू औषध नियन्त्रणसंग सम्बन्धित कार्यक्रमको बारेमा जानकारी प्राप्त हुने हुनुपर्नेछ ।

ख) यसबाट लागू औषध प्रयोग गर्न नहुने र यसबाट हुने हानि नोक्सानीको बारेमा जानकारी प्राप्त गर्ने हुनुपर्नेछ ।

ग) यसले युवा पिंढीलाई लागू औषधको लतबाट टाढा राख्न मद्दत गर्ने हुनुपर्नेछ ।

## घ) संस्थाको योग्यता र अनुभव :

डकुड्रामा निर्माण गर्ने संस्थाको श्रव्यदृश्य सामग्री निर्माणमा कम्तिमा ५ वर्षको अनुभव हुनुपर्ने छ । संस्था प्रचलित कानून बमोजिम दर्ता, नवीकरण र यस मन्त्रालयमा सूचीकृत भएको हुनुपर्ने छ । प्रस्तावसाथ गत आ.व.को लेखापरिक्षण प्रतिवेदन, करचुक्ता प्रमाण पत्र, संस्था नवीकरण पत्र र सूचीकृत सम्बन्धी पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ । डकुड्रामा निर्माणमा राष्ट्रिय ख्याती प्राप्त कलाकारहरु विज्ञ सहितको टोली संलग्न हुनुपर्नेछ र टोलीले यस कार्यक्रमसंग समन्वय गरेर काम गर्नुपर्नेछ ।

उप-सचिव

**ङ) संस्थाको दायित्व :**

छनौट भएको संस्थाले देशमा लागू औषधको वर्तमान अवस्थाको बारेमा कार्यक्रमसंग समन्वय गरी निम्नानुसारको काम गर्नुपर्ने छ ।

१. उद्देश्यसंग मेल खानेगरी डकुड्रामाको कथाबस्तु तयार गर्नुपर्नेछ ।
२. सम्बन्धित निकायको स्वीकृतिपछि डकुड्रामाको छायाङ्कन गर्नुपर्ने छ ।
३. छायाङ्कनका लागि उच्चस्तरको प्रविधि प्रयोग गर्नुपर्नेछ ।
४. डकुड्रामा निर्माणमा संलग्न समूह अनुभवी र दक्ष हुनुपर्ने छ ।

**च) लागू औषध कार्यक्रमको दायित्व :**

१. कार्यक्रमले संस्थालाई तोकिए बमोजिमको बजेट उपलब्ध गराउनेछ ।
२. लागू औषध सम्बन्धि सूचना तथा तथ्यांक संकलन, छायाँकनका लागि स्थानको छनौट र छायाँकन कार्यका लागि सहजीकरण गर्नेछ ।
३. डकुड्रामा निर्माणका लागि स्वीकृत रकमको ५०% सम्झौता पश्चात र बाँकी रकम कार्य सम्पन्न भएपछि प्रदान गरिनेछ ।

**छ) छनौट प्रक्रिया :**

डकुड्रामा तयार गर्न प्राविधिक प्रस्तावलाई ७० प्रतिशत  आर्थिक प्रस्तावलाई ३० प्रतिशत भार दिई मूल्यांकन गरिने छ ।

उप-सचिव

नेपाल सरकार
गृह मन्त्रालय

# कार्य विवरण (TOR)

नेपालमा लागू औषधको उत्पादन, प्रयोग, ओसारपसार र वेचविखनलाई कानूनी रुपमा निषेध गरिएको छ । तर देशका सिर्जनशील युवा जनशक्ति लागू औषधको कुलतमा फस्ने क्रम बढदै गएको विभिन्न सर्वेक्षणले देखाएका छन् । सामाजिक समस्याको रुपमा व्याप्त रहेको लागू औषध दुरुपयोगको नियन्त्रण गर्नु सबैको सामु पेचिलो चुनौतीको रुपमा खडा भएको छ । बढदो लागू औषधको दुरुपयोगलाई निरुत्साहित गर्न सरकारी तथा गैर सरकारी तवरबाट विभिन्न गतिविधीहरु सञ्चालन हुँदै आएका छन् । सञ्चालित कार्यक्रमहरुलाई अझ प्रभावकारी बनाउनका लागि श्रव्य दृष्य सामग्रीको माध्यमपनि प्रभावकारी हुने भएकाले यसको माध्यमबाट जनचेतना अभिवृद्धि गर्न डकुड्रामा निर्माण गर्न लागिएको ।

१) संस्था प्रचलित कानून बमोजिम दर्ता, नविकरण र यस मन्त्रालयमा सूचिदर्ता गरेको हुनु पर्ने छ । प्रस्ताव साथ गत आ.व.को लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्र, संस्था नविकरण प्रमाणपत्र राख्नु पर्ने छ ।
२) संस्थाको डकुड्रामा (श्रव्य दृष्य) निर्माणमा कम्तिमा ५ वर्षको अनुभव हुनु पर्ने छ ।
३) डकुड्रामा निर्माण गर्दा HD Technology को प्रयोग गर्नु पर्ने छ ।
४) कलाकार र कथा लेख्ने व्यक्तिको Biodata र प्रमाण खुल्ने कागजपत्र पेश गर्नु पर्ने छ ।
५) डकुड्रामा निर्माण कार्यको लागत अनुमान बढिमा रु.४,००,०००/- हुनेछ ।
६) उल्लेखित कार्य सम्झौतामा हस्ताक्षर भएको मितिले बढीमा १ महिनाभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।
७) कार्य सम्पन्न गरी सो को प्रतिवेदन Hard copy र Soft copy मा पेश गर्नुपर्ने ।
८) गृह मन्त्रालय, लागू औषध नियन्त्रण इकाईको प्रत्यक्ष अनुगमन र निरीक्षणमा कार्य सम्पन्न गर्नुपर्ने ।
९) संस्थाले प्रविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रतेक खामको बाहिर स्पष्ट रुपले उल्लेख गरी पेश गर्नु पर्ने छ ।
१०) प्राविधिक प्रस्तावमा उत्तीर्ण संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।
११) प्राविधिक र आर्थिक प्रस्ताव दुवैको मूल्यांकनबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थाको प्रस्ताव स्वीकार गरिने छ ।
१२) प्राविधिक प्रस्तावको अंकभार ८० प्रतिशत र आर्थिक प्रस्तावको कार्यमा २० प्रतिशत हुनेछ ।
१३) प्रस्ताव लागू औषध नियन्त्रण इकाई, विजुलीबजारमा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र पेश गर्नुपर्ने छ ।
१४) सम्झौतामा तोकिएको रकम बाहेक अन्य थप व्ययभार कार्यालयको दायित्व भित्र पर्ने छैन ।
१५) अन्य नियमहरु नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।
१६) कार्य सम्पन्न भैसकेपछि मात्र भुक्तानी दिइने छ ।
१७) स्वीकृत गर्ने अधिकार समितिमा निहित रहने छ ।
१८) डकुड्रामा कम्तिमा २० मिनेट हुनु पर्ने छ ।

उप-सचिव

नेपाल सरकार
गृह मन्त्रालय

# डकुड्रामाको लागत अनुमान

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| 1. | Script Writing/ Dialogue | ५०,०००।- | |
| 2. | Artist Expenses/ Category | १,००,०००।- | |
| 3. | Camera HD Rent Expenses | २५,०००।- | |
| 4. | Lights Equipment Rent Expenses | १५,०००।- | |
| 5. | Camera Man Remuneration | २०,०००।- | |
| 6. | Other Technician Remuneration | १२,०००।- | |
| 7. | Helper Remuneration | ८,०००।- | |
| 8. | Studio Charge/Music Background Charge | ५०,०००।- | |
| 9. | Editing/Mining/Colour Expenses | २०,०००।- | |
| 10. | Director Fee | ५०,०००।- | |
| 11. | Transportation/Lodging/Fooding Expenses | ५०,०००।- | |
| | जम्मा | ४,००,०००।- | |

मु.अ.कर सहित

उप-सचिव

नेपाल सरकार
गृह मन्त्रालय

**डकुड्रामा निर्माण गर्दा पालना गर्नुपर्ने शर्तहरु :**

१. डकुड्रामा निर्माण कार्यको लागत अनुमान बढिमा रु.४,००,०००/- हुनेछ ।

२. उल्लेखित कार्य सम्झौतामा हस्ताक्षर भएको मितिले बढीमा .... महिनाभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

३. कार्य सम्पन्न गरी सो को प्रतिवेदन Hard copy र Soft copy मा पेश गर्नुपर्ने ।

४. गृह मन्त्रालय, लागू औषध नियन्त्रण इकाईको प्रत्यक्ष अनुगमन र निरीक्षणमा कार्य सम्पन्न गर्नुपर्ने ।

५. सूचीकृत गै.स.स.ले प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।

६.प्राविधिक प्रस्तावमा उत्तीर्ण संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

७. प्राविधिक र आर्थिक प्रस्ताव दुवैको मूल्यांकनबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थाको प्रस्ताव स्वीकार गरिने छ ।

८. प्राविधिक प्रस्तावको अंकभार ८० प्रतिशत र आर्थिक प्रस्तावको कार्यमा २० प्रतिशत हुनेछ ।

९. प्रस्ताव लागू औषध नियन्त्रण इकाई, विजुलीबजारमा पेश गर्नुपर्ने छ ।

१०. सम्झौतामा तोकिएको रकम बाहेक अन्य थप व्ययभार कार्यालयको दायित्व भित्र पर्ने छैन ।

११. अन्य नियमहरु नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

१२. कार्य सम्पन्न भैसकेपछि मात्र भुक्तानी दिइने छ ।

१३. स्वीकृत गर्ने अधिकार समितिमा निहित रहने छ ।

१४. डकुड्रामा कम्तिमा २० मिनेट हुनु पर्ने छ ।

**संस्थाको योग्यता र अनुभवः-**

१५. डकुड्रामा निर्माण गर्ने संस्थाको श्रव्य दृष्य सामाग्री निर्माणमा कम्तिमा ५ वर्षको अनुभव हुनु पर्ने छ ।

१६. संस्था प्रचलित कानून बमोजिम दर्ता, नविकरण र यस मन्त्रालयमा सूचीकृत भएको हुनु पर्ने छ । प्रस्ताव साथ गत आ.व. को लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्र, संस्था नविकरण प्रमाण पत्र राख्नु पर्ने छ ।

उप-सचिव